# बगनासकाली गाउँपालिकाको सामाजिक समावेशीकरण नीति, २०७९

बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्धारा, पाल्पा

बगनासकाली गाउँपालिकाको सामाजिक समावेशीकरण नीति, २०७९

**१. पृष्ठभूमिः**

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेअनुसार समतामूलक समाजको निर्माण गर्न बगनासकाली गाउँपालिकाले समावेशीकरणको मान्यताअनुरुप सहभागी गराइ विभेदरहित समृद्ध र न्यायपूर्ण समाजको स्थापनाको लागि सबै वर्ग, जातजाति, लिङ्ग तथा पिछडिएको क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिकालाई सुनिश्चिता गर्न आवश्यक भएकोले "बगनासकाली गाउँपालिकाको सामाजिक समावेशीकरण नीति, २०७९" तर्जुमा गरिएको छ।

**२.व्यवस्था तथा प्रयासः**

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चत गर्न समानुपातिक, समावेशी र सहभागीतामूलक सिद्धान्तका सम्बन्धमा उल्लेख भएको छ । सामाजिक समावेशीकरणका विषयहरुलाई सम्बोधन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ लगायतका कानूनहरु र राष्ट्रिय लैंङ्गिक समानता नीति २०७७, प्रदेश तथा स्थानीय तहका लागि बजेट नमूना निर्देशिका, २०७७ अनुरुप बगनासकाली गाउँपालिकाद्वारायोजना कार्यक्रमहरुमासमावेशीकरण नीति अवलम्बन गर्ने लक्ष्य तथा प्रयास रहेको छ।

**३. वर्तमान स्थितीः**

समाजमा आर्थिक, सामाजिक, जातिय, भाषिक, धार्मिक, लैंङ्गि र वर्गीय विविधता त छँदैछ। तर्सथ समावेशी विकासको मान्यतालाई आत्मसात गरी असमान्ताहरुलाई सम्बोधन गर्न आवश्यक देखिन्छ। नेपालको संविधानले आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पिछडिएका विभिन्न लक्षित वर्गहलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा मौलिक हकको व्यवस्था गरे अनुरुप समावेशीकरणको सिद्धान्तलाई अंगिकार गरिएको छ।

वि.सं २०६८ को राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या २१,३६१ रहेको छ। गाउँपालिकाको क्षेत्रफल ८४.१६ वर्ग कि.मी, खेतीयोग्य जमीन ४५%, घरपरिवार ५२५२, सामुदायिक विद्यालय ३०, संस्थागत विद्यालय ७, स्वास्थ्य संस्था ११, कृषि सेवा केन्द्र २, पशु सेवा केन्द्र २ र वडा कार्यालय ९ वटा रहेको छ।

**४. समस्या तथा चुनौतीहरुः**

सामाजिक समावेशीकरणका मुख्य समस्याहरुमा सामाजिक समावेशीकरण सम्बन्धी एकीकृत नीति तर्जुमा नहुनु, श्रोत-साधन, अवसर र लाभको वितरणमा लक्षित वर्ग एवं क्षेत्रको न्यायोचित पहुँच नहुनु, सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याँकको अभाव रहनु, पछाडि परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिकरुपमा सशक्तिकरण गर्न नसक्नु, सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरुको अर्थपूर्ण सहभागिता सुनिश्चत हुन नसक्नु, विभिन्न लक्षित, वर्ग, क्षेत्र,जातजातिर समुदाय बीच, आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु, व्यवहारगत विभेद हट्न नसक्नु रहेका छन्।

भने मुख्य चुनौतीहरुमा सामाजिक समावेशीकरणको अवधारणामा सरोकारवालाहरुबीच साझा दृष्टिकोण कायम गर्नु, नीति निर्माण र कार्यान्वयनमा संलग्न पक्षहरुबीच प्रभावकारी समन्वय गर्नु, श्रोत साधन, अवसरमा र लाभमा पछाडि परेका वर्ग, वर्ग, क्षेत्र र जातजातिमा व्याप्त गरिबी घटाउनु, विभिन्न समुदाय तथा वर्गबीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु, संस्थागत संरचनामा लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चत गर्नु रहेका छन्।

**५. नीतिको आवश्यकताः**

सामाजिक समावेशीकरणमा देखिएका चुनौतीहरुको सामना एवं समस्याको समाधान गर्न देहायका कारणले समावेशीकरण नीति आवश्यक रहेको छः

क) संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी शासन व्यवस्थाको परिकल्पना गर्न।

ख) समावेशीकरण सम्बन्धी नीतिगत एकरुपता र सामञ्जस्यता कायम गर्न।

ग) नीति, योजना तथा कार्यक्रमहरुलाई मार्गदर्शन गर्न।

घ) नीति, कानून, संरचना, कार्यक्रम, योजना र आयोजनाको सबै चरणमा समावेशीकरणलाई मूलप्रवाहीकरण र आन्तरिकीरण गर्न।

ङ) समावेशीकरण सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुर्याउन।

च) राष्ट्रिय तथा अन्तरार्ष्ट्रियस्तरमा गरिएका समावेशीकर सम्बन्धी प्रतिबद्धता अनुरुपको दायित्व पुरा गर्न।

छ) लोकतन्त्रका लाभहरुलाई सबै नागरिकहरु बीच न्यायोचित व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्न।

**६. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्यः**

सामाजिक समावेशीकरण नीतिका दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्यहरु निम्नानुसार रहने छनः

क) दीर्घकालीन सोंचः

सामाजिक समावेशी प्रणालीका माध्यमबाट समतामूलक र समृद्ध समाजको निर्माण।

ख) दीर्घकालीन लक्ष्यः

सामाजिक समावेशीकरणलाई सबै अवयवहरुमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै यसको संस्थागत सुदृढीकरण गर्ने।

ग) दीर्घकालीन उद्देश्यः

आर्थिक र सामाजिकरुपले पछाडि परेका समुदाय एवं व्यक्तिहरुको सशक्तिकरण र समतामूलक विकासको माध्यमबाट सबै विषय क्षेत्र तथा संरचनामा पहुँच सुनिश्चित गर्ने।

**७. रणनीतिहरुः**

क) सामाजिक समावेशीकरणको अवधारणालाई सबै क्षेत्रमा संस्थागत गर्ने।

ख) नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तकृत नागरिकहरुको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।

ग) पछाडि परेका वर्ग, क्षेत्र, लिङ र समुदायलाई विकास प्रक्रियामा न्यायोचित अवसर सुनिश्चित गर्ने।

घ) उपलब्ध श्रोत-साधन तथा अवसरको प्राप्ती र उपयोग गर्न लक्षित समुदायको सशक्तिकरण गर्ने।

ङ) सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने।

**८. नीति तथा कार्यनीतिहरुः**

**क) रणनीति १: सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने**

क.१ स्थानीय आवश्यकता अनुकूल हुने गरी समावेशीकरण सम्बन्धी नीति, कानून तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

क.२ सामाजिक समावेशीकरणको अवधारणा अनुरुप मातहतका क्षेत्रगत विषय तथा निकायको कानून, नीति, योजना, रणनीति, कार्यविधि, मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ।

क.३ मौजुदा कानूनहरुलाई समय सापेक्षरुपमा समावेशीमैत्री बनाउन आवश्यकता अनुरुप पुनरावलोकन गरी परिमार्जन गरिनेछ।

क.४ समावेशी सम्बन्धी कानून तथा कार्यविधि तर्जुमा गर्दा लक्षित समुदाय एवं सरोकारवालाहरुसंग परामर्श तथा समन्वय गरिनेछ।

क.५ टोल तथा बस्तीस्तरदेखि नै स्थानीय समस्याहरु पहिचान गरी लक्षित समूह मार्फत सहभागितामूलक समावेशी लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणाली अवलम्बन गरिनेछ।

क.६ सामाजिक समावेशीकरणको क्षेत्रमा भएको लगानी र सोको प्रतिफलको एकीकृत प्रतिवेदन प्रणाली स्थापना गरी मूल्याँकन गरिनेछ।

क.७ समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्न सबै संयन्त्रलाई परिचालन गरिनेछ।

क.८ विद्मान संरचनाहरुमा समावेशीकरण सम्बन्धी आवश्यक संरचनाहरुलई समाहित गरी लक्षित कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन, मूल्याँकन तथा समन्वयको कार्य गरिनेछ।

क.९ सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गरी जिम्मेवारी प्रदान गरी सूचना आदान-प्रदान गर्ने पद्धति स्थापित गरिनेछ।

क.१० पछाडि परेका लक्षित वर्ग तथा समुदायका नागरिकहरुको सहभागितामा लाभग्राही तथा उपभोक्ता समिति गठन गरी लक्षित कार्यक्रम संचालन गरिनेछ।

क.११ जोखिम तथा पारिवारिक हिंसामा परेका महिला, बालबालिका, किशोर-किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, सडक बालबालिका लगायत अभिभावकविहिन नागरिकको संरक्षण पुनर्स्थापना तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

क.१२ प्रत्येक वडाभित्र पछाडि परेका नागरिकहरुको पहिचान गरी सामाजिक समावेशीकरणको मान्यता बमोजिम सशक्तिकरण गरिनेछ।

क.१३ उत्पीडत तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ।

क.१४ आवश्यकतामा आधारित भई समावेशी विकास प्रक्रियामा योगदान पुर्याउन विकस साझेदार सहकारी तथा गैरसरकारी संस्थाहरुसंग सहकार्य गरिनेछ।

क.१५ पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी सामाजिक समावेशीकरणको महत्व, आवश्यकता र अपरिहार्यताका सम्बन्धमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

क.१६ प्रत्येक वडामा रहने टोल विकास संस्थाहरुको गठन प्रक्रियामा पछाडि परेका व्यक्ति तथा समुदायलाई समेट्ने गरी प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ।

क.१७ टोल विकास संस्था, उपभोक्ता समिति, समूह, सहकारी संस्थाहरु लगायतलाई क्षेत्रगत कार्यक्रममा पछाडि परेका व्यक्ति तथा समुदायको सहभागिता तथा संलग्नता वृद्धि गर्न समन्वयात्मकरुपमा परिचालन गरिनेछ।

क.१८ लक्षित वर्गको सहभागितामा यस्ता कार्यक्रमहरुको सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनवाई गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

क.१९ सामाजिक समावेशीकरणका नीतिहरुको प्रभाव र परिणामका सम्बन्धमा आवधिकरुपमा तथ्यगत तथा वस्तुनिष्ठ समीक्षा गरिनेछ।

**ख) रणनीति २: नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तीकृत नागरिकहरुको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने**

ख.१ प्रत्येक वडामा मानव विकास सूचकाङ्क, बहुआयामिक गरीबी मापन लगायत अन्य आधारमा पछाडि परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको पहिचान गरी वडागत अद्यावधिक खण्डीकृत तथ्याँक राखिनेछ साथै वडागत खण्डीकृत तथ्याँकको आधारमा सबै वडाहरुको एकीकृत तथ्याँक तयार गरिनेछ।

ख.२ नवीनतम सूचना प्रविधिको उपयोग गरी वस्तुनिष्ठ र यथार्थपरक तथ्याँकका आधारमा दोहरोपना नआउने गरी वडा र विषय क्षेत्रबाट लक्षित कार्यक्रमहरुको अनुगमन तथा मूल्याँकन गरिनेछ।

ख.३ पछाडि परेका वर्गहरुको आधारभूत तथ्याँकका आधारमा आवश्यकता पहिचान गरी योजना छनौट तथा कार्यान्वयन गरिनेछ साथै अति विपन्न वर्गका लागि निश्चित कार्यक्रम तथा बजेटको सुनिश्चतता गरिनेछ।

ख.४ लक्षित वर्ग, क्षेत्र र समुदायलाई आर्थिक तथा सामाजिकरुपले सशक्तिकरण गर्न सकारात्मक विभेद लगायत दक्षता अभिवृद्धि तथा कार्यक्रम संचालन गरिनेछ।

ख.५ आर्थिक, सामाजिकरुपले पछाडि परेका लक्षित वर्गलाई उपलब्ध रोजगारीका अवसर उपयोग गर्न, सक्षम तुल्याउन सीप विकास तालिम प्रदान गरिनेछ।

ख.६ सूचना प्रविधिको अवलम्बन र उपयोग गर्न वडा र विषय क्षेत्रको क्षमता विकास र संस्थागत सुदृढीकरण गरिनेछ।

ख.७ लक्षित वर्गको क्षमता विकासका लागि गाउँपालिकाको क्षेत्रभित्र क्रियाशील गैरसरकारी संस्था, नागरिक समाज र संचार माध्यमलाई परिचालन गरिनेछ।

**ग) रणनीति ३: पछाडि परेका वर्ग, क्षेत्र, लिङ् र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने**

ग.१ विभिन्न लक्षित वर्ग र समुदाय बीच सामाजिक क्षेत्रमा रहेको अन्तरलाई कम गर्न त्यस्तम वर्ग, क्षेत्र र समुदायको पहिचान गरी श्रोत-साधन, अवसर र लाभमा न्यायोचित पहुँचको व्यवस्था गरिनेछ।

ग.२ सिमान्तीकृत तथा पिछडिएका क्षेत्रका नागरिकहरुको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

ग.३ समाजमा विद्यमान सबै प्रकारका भेदभावजन्य व्यवहार, छुवाछुत र कुरीति विरुद्ध जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

ग.४ बालश्रम, बालविवाह, बहुविवाह, लैंङिगक हिंसा, छुवाछुत, दाइजो, मानवबेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न गराउन सबै वडा कार्यालयहरुलाई सक्रिय गराइनेछ।

घ) रणनीति ४: उपलब्ध हुने श्रोत साधन तथा अवसरको प्राप्ती र उपयो गर्न लक्षित समुदायको सशक्तिकरण गर्ने

घ.१ महिला तथा विपन्न वर्ग लगायत पछाडि परेका समुदाय तथा व्यक्तिहरुका लागि सीप विकास तालिम तथा रोजगारीमा प्राथमिकता दिइनेछ।

घ.२ असाहय अवस्थामा रहेका महिलाहरुको पहिचान गरी उनीहररुको सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिई जीविकोपार्जन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

घ.३ जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनर्स्थापना, संरक्षण र सशक्तिकरण गरी स्वालम्बन गराउन आवश्यक कार्यक्रम संचालन गरिनेछ।

घ.४ प्रजनन अवस्थाका सेवा सुविधाहरुको सुनिश्चतता गर्न, बालबालिकाहरुको सर्वोत्तम हित गर्न तथा बालबालिकाको पालनपोषण र हेरचाहका काम र योगदानलाई आर्थिकरुपमा मूल्याँकन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

घ.५ आर्थिक, सामाजिकरुपले पछाडि परेका लक्षित वर्गको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाहका साथै सहकारी एवं समूह बचत परिचालन मार्फत वित्तीय श्रोतमा पहुँच स्थापित गरिनेछ।

घ.६ लक्षित वर्गलाई बचत परिचालन कार्य मार्फत आर्थिकरुपले सबलीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ।

घ.७ लक्षित वर्गमा रोजगारीका अवसर, लाभको न्यायोचित वितरण र समतामूलक पहुँचको सुनिश्चत गरी सामाजिक सुरक्षा प्रदान गर्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरिनेछ।

घ.८ साँस्कृतिक सम्पदाको जर्गेना गरी परम्परागत ज्ञान, सीप, कला सँस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

घ.९ सामाजिक सुरक्षा तथा सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिकरुपले विपन्न वर्गलाई प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ।

घ.१० वडा कार्यालयहरु मार्फत जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिहरुको पहिचान गरी अभिलेखीकरण गर्ने कार्य गरिनेछ।

घ.११ जोखिम र हिंसामा परेका व्यक्तिहरुलाई परिवार र समाजमा पुनर्स्थापना गर्न आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

घ.१२ अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा लैंङ्गिक संवेदनमैत्री भौतिक पूर्वाधार तथा संरचनाहरु निर्माणसम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

**ङ) रणनीति ५: सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने।**

ङ.१ लक्षित कार्यक्रम संचालन गर्ने सम्बद्ध निकाय तथा पदाधिकारीहरुको क्षमता विकास, संस्थागत सुदृढीकरण तथा श्रोत-साधनको प्रक्षेपण गरिनेछ।

ङ.२ सबै वडाहरुमा समावेशीकरण सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी यस क्षेत्रसंग सम्बन्धित सूचनाहरु आदान-प्रदान गरिनेछ।

ङ.३ वडा कार्यालयहरुबाट भएका असल अभ्यासहरुको पहिचान तथा दस्तावेजीकरण गरी प्रचार-प्रसार गरिनेछ।

ङ.४ सामाजिक समावेशीकरणका लागि संचालित कार्यक्रमहरुबाट प्राप्त अनुकरणीय सिकाइलाई अनुशरण गर्न विभिन्न वडा र विषय क्षेत्रबीच अनुभव आदान-प्रदान गरिनेछ।

**९.संस्थागत व्यवस्थाः**

**क) यस नीतिमा भएका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारीरुपमा कार्यान्वयन गर्न देहाय बमोजिमको एक समावेशीकरण नीति निर्देशक समिति रहनेछः**

| | |
|---|---|
| १) गाउँपालिकाको अध्यक्ष | -संयोजक |
| २) गाउँपालिकाको उपाध्यक्ष | -सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ४) सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| ५) कार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेको तीन जना | -सदस्य |
| ६) सामुदायिक संघ-संस्थाहरु मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेको तीन जना | -सदस्य |
| ७) सामाजिक विकास शाखा प्रमुख | -सदस्य-सचिव |

**ख) सामाजिक समावेशीकरण नीति निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको रहेको छः**

१) सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने।

२) नीति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकायबीच सहकार्य, सहजीकरण र समन्वय गर्ने।

३) सामाजिक समावेशीकरण सम्बन्धी बजेट तथा कार्यक्रम तर्जुमा र संचालन गर्न आवश्यक व्यवस्था गर्ने।

४) सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने।

५) वडा कार्यालयहरुमा सामाजिक समावेशीकरणका दृष्टीकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने।

६) सरकारी तथा गैर सरकारी संघ संस्था र नागरिक समाजमा सामाजिक समावेशीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुर्याउने।

७) वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परीक्षण गर्ने।

८) आर्थिक एवं सामाजिकरुपमा पछाडि परेका वर्ग, जातजाति, लिङ्ग, क्षेत्र र समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा योजनाका लागि आवश्यक बजेट विनियोजन भए नभएको अनुगमन गर्ने।

९) सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको आँकलन र जोखिम सम्बोधन गर्ने।

१०) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**ग) नीतिको कार्यान्वयन तथा अनुगमन सम्बन्धी व्यवस्थाः**

निर्देशक समितिको निर्देशनमा सम्बन्धित शाखाबाट नीति कार्यान्वयनको आवश्यक व्यवस्था मिलाइनेछ। अनुगमन तथा सुपरिवेक्षण समितिबाट नीति कार्यान्वयनको नियमित अनुगमन गरी प्रतिवेदन पेश गरिनेछ।

**१०. नीतिको मूल्याँकनः**

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्ता र उपादेयताको मूल्याँकन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिनेछ। सामान्यतया पाँच वर्षपछि यस नीतिको पुनरावलोकन गरिनेछ।

**११. सम्भावित जोखिम न्यूनीकरण योजनाः**

उल्लेखित रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको निराकरणका लागि देहाय बमोजिमको उपायहरु अवलम्बन गरिनेछः

| सि.नं. | सम्भावित जोखिम | जोखिम न्यूनीकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | सामाजिक समावेशीकरणको विषय वडाको कम प्राथमिकतामा पर्न सक्ने | नीति, मार्गदर्शन एवं वार्षिक योजना तथा कार्यक्रमबाट प्राथमिकतामा राख्ने | पालिका/शाखा/सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघ-संस्था |
| २ | सामाजिक समावेशीकरणका लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच कम हुन सक्ने | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्साकङ्न गर्ने तथा लक्षित कार्यक्रम संचालन गर्ने | पालिका/शाखा/सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघ-संस्था |
| ३ | नीति कार्यान्वयनमा संलग्न निकायबीच प्रभावकारीरुपमा समन्वय नहुन सक्ने | नीति निर्देशक समितिको नियमित बैठकको व्यवस्था गर्ने | पालिका/शाखा |
| ४ | सामाजिक समावेशीकरण सम्बन्धी बुझाइमा विविधता हुन सक्ने | सचेतनामूलक तथा क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने | पालिका/शाखा/सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघ-संस्था |
| ५ | समावेशीकरण प्रवर्द्धन लक्षित कार्यक्रमहरुलाई नियमित योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण नहुन सक्ने | आवश्यक श्रोत आंकलन गरी व्यवस्थापन गर्ने मार्ग निर्देशनद्वारा निर्देशित गर्ने | पालिका/शाखा/सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघ-संस्था |